# लोक सेवा आयोग

## नेपाल वन सेवा, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, सिनियर गेमस्काउट पदको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम

**परीक्षा योजना** (Examination Scheme) निम्नानुसार चरणमा हुनेछ :

| | | |
|---|---|---|
| **प्रथम चरण** :– | लिखित परीक्षा | पूर्णाङ्क :– १०० |
| **द्वितीय चरण** :– | शारीरिक तन्दुरुस्ती परीक्षण | पूर्णाङ्क :– १०० |
| **तृतीय चरण** :– | अन्तर्वार्ता | पूर्णाङ्क :– २० |

| चरण | परीक्षा | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| प्रथम | लिखित परीक्षा | १०० | ४० | वस्तुगत बहुवैकल्पिक प्रश्न | ५० प्रश्न x २ अङ्क | १ घण्टा | |
| द्वितीय | शारीरिक तन्दुरुस्ती परीक्षण | | | प्रयोगात्मक | | | छनौट मात्र |
| तृतीय | अन्तर्वार्ता | २० | - | मौखिक | | - | |

**द्रष्टव्यः-**

१. **शारीरिक तन्दुरुस्ती परीक्षणको योजना**को बुँदा नं. (१) **शारीरिक परीक्षणमा** तोकिएको मापदण्ड पुग्ने उम्मेदवारहरुले मात्र दरखास्त भर्न सक्ने व्यहोराको जानकारी दिई/खुलाई विज्ञापन सूचना प्रकाशित गरिनेछ । शारीरिक परीक्षणमा तोकिएको मापदण्डमा अन्यथा हुन गएमा उम्मेदवार स्वंय जवाफदेहि हुनुपर्नेछ ।

२. प्रथम चरणको लिखित परीक्षाबाट द्वितीय चरणको शारीरिक तन्दुरुस्ती परीक्षणको लागि उम्मदेवार छनौट गर्दा माग पद संख्या १ देखि ५ सम्म भएमा थप ५ जना उम्मेदवारको नाम समावेश गरिनेछ भने रिक्त माग पद संख्या ६ वा सो भन्दा बढी भएमा माग भएको पद संख्याको दोब्बर संख्यामा उम्मेदवारको नाम समावेश गरिनेछ ।

३. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको शारीरिक तन्दुरुस्ती परीक्षणमा सम्मिलित गराइनेछ ।

४. द्वितीय चरणको शारीरिक तन्दुरुस्ती परीक्षण छनौट प्रकृति (Qualifying Nature) को हुनेछ । अर्थात यस चरणको परीक्षामा कुनै अङ्क गणना नगरि उम्मेदवार सफल असफललाई मात्र हेरिने छ ।

५. द्वितीय चरणको शारीरिक तन्दुरुस्ती परीक्षणमा तोकिएका **बाधापार/तन्दुरुस्ती परीक्षा**मा सबै प्रकारका परीक्षणमा सफल हुने उम्मेदवारलाई मात्र शारीरिक तन्दुरुस्ती परीक्षणमा उतीर्ण भएको मानिनेछ ।

६. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

७. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

८. यस पाठ्यक्रममा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

९. तृतीय चरणको अन्तर्वार्ताको लागि उम्मेदवार छनौट गर्दा द्वितीय चरणको शारीरिक तन्दुरुस्ती परीक्षणमा छनौट भएका मध्येबाट प्रथम चरणको लिखित परीक्षामा प्राप्त अङ्कका आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने मापदण्ड अनुसार नै उम्मेदवारको नाम समावेश गरिनेछ ।

 * तर यस प्रयोजनको लागि नतिजा प्रकाशन गर्ने मापदण्ड भन्नाले द्वितीय चरणको शारीरिक तन्दुरुस्ती परीक्षणबाट छनौट (उतीर्ण/सफल) भएका सम्पूर्ण उम्मेदवार अन्तर्वार्तामा सम्मिलित हुन पाउने कुरालाई सम्झनु पर्दछ । ( निर्णय मिति २०७०/०१/०७)

१०. **शारीरिक तन्दुरुस्ती परीक्षण संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण सामग्री साधन श्रोत उपलब्ध गराउने दायित्य माग गर्ने सम्बन्धित निकायमा रहनेछ ।**

११. **शारीरिक तन्दुरुस्ती परीक्षण साधन श्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र हुनेछ ।**

१२. प्रथम चरणको लिखित परीक्षाको अङ्क र अन्तर्वार्ताको अङ्क जोडी योग्यताक्रम अनुसार परीक्षाफल प्रकाशित गरिनेछ ।

१३. पाठ्यक्रम लागू मिति :- २०६८/०३/२८ गते देखि (संशोधन मिति २०६८/१२/१६)

लोक सेवा आयोग

**लोक सेवा आयोग**
**नेपाल वन सेवा, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, सिनियर गेमस्काउट पदको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम**

## लिखित परीक्षाको पाठ्यक्रम

- निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र/मध्यवर्ती क्षेत्रमा रहेका वन्यजन्तु, वनस्पती, पंक्षि, सिमसार/जलाधार लगायत भौगोलिक क्षेत्र र वन/जंगलको गस्ती, वन/जंगल, वनस्पती लगायत वन्यजन्तुहरुको रेखदेख तथा चोरी शिकारी नियन्त्रण सम्वन्धी ज्ञान ।
- नेपालमा चोरी शिकारका समस्या र नियन्त्रण कार्य, अवैध वन्यजन्तुको व्यापार, सुराकी सञ्जाल, सुराक संकलन गर्ने, अपराधीहरु पक्राउ गर्ने र मुद्दा सम्बन्धी कामको बारेमा ज्ञान ।
- गैंडा, बाघ, हात्ती, गिद्ध, घडियाल गोही, कस्तुरीमृग, हिउं चितुवा लगायतका दुर्लभ वन्यजन्तुहरुको पहिचान र वन्यजन्तुको अनुगमन सम्वन्धी ज्ञान ।
- टुहुरा, अपाङ्ग, अलपत्र परेका र समस्याग्रस्त वन्यजन्तुहरुको उद्धार, पालनपोषण र नियन्त्रण सम्बन्धी ज्ञान ।
- हिंसक वन्यजन्तुहरुबाट बच्ने उपाय र वन्यजन्तु अवलोकन गर्दा अप्नाउनुपर्ने सावधानीका पक्षहरु ।
- वन्यजन्तु प्रजनन् केन्द्र (हात्ती, गोही, गिद्ध, आदि) सम्बन्धी ज्ञान ।
- संरक्षित क्षेत्रहरुमा निषेधित कार्यहरु तथा संचालन हुने र उपलब्ध सेवा सुविधाहरुको बारेमा जानकारी ।
- रातको समयमा चोरी शिकारी पक्राउ गर्ने, आवश्यक कागजात तयार गर्ने, रात्री गस्ती, नदीबाट हुने गस्ती र उच्च पर्वतीय क्षेत्रमा गर्ने गस्ती सम्बन्धी ज्ञान ।
- निकुञ्ज/आरक्ष सुरक्षार्थ तैनाथ नेपाली सेनासंगको समन्वयको बारेमा जानकारी ।
- हिरासत व्यवस्थापनको बारेमा ध्यान दिनु पर्ने कुराहरुको जानकारी ।
- निकुञ्ज/आरक्ष/मध्यवर्ती क्षेत्रको जैविक विविधता संरक्षण र प्रभावकारी गस्ति संचालनको लागि हात्ती र हात्तीसारको कर्मचारीहरुको भूमिका र उनिहरुसँगको समन्वय सम्बन्धी ज्ञान ।
- मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, उपभोक्ता समिति, समूह र यस क्षेत्रमा संचालन हुने सामुदायिक विकास, संरक्षण कार्य, आयमूलक गतिविधि, संरक्षण शिक्षा सम्बन्धमा जानकारी ।
- मध्यवर्ती क्षेत्रका वन (सामुदायिक, धार्मिक, निजी एवं कबुलियती) संरक्षण र व्यवस्थापन सम्बन्धी जानकारी ।
- पर्यापर्यटन व्यवस्थापन, प्रकृति पर्यटन र राजश्व संकलनमा संरक्षित क्षेत्रको भूमिका सम्बन्धी ज्ञान ।
- निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र/मध्यवर्ती क्षेत्र, वनजंगल, सिमसार (सिमसार महासन्धि) सम्बन्धि ऐन, नियम र व्यवस्थापन ढांचा (मोडालिटी) लगायतका नीतिगत विषय सम्बन्धी ज्ञान ।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र अन्तर्गतका नियमहरु सम्बन्धी ज्ञान ।
- वन्यजन्तुबाट हुने क्षतिको राहत सम्बन्धी ज्ञान ।

.....समाप्त.....

लोक सेवा आयोग

## नमुना प्रश्नहरु

1. नेपालको पहिलो राष्ट्रिय निकुञ्ज कुन हो ?
A) सगरमाथा B) चितवन C) बर्दिया D) लाङटाङ

2. नेपालमा कुन कुन प्रकारका संरक्षित क्षेत्र छन ?
A) राष्ट्रिय निकुञ्ज B) वन्यजन्तु आरक्ष C) संरक्षण क्षेत्र D) माथिका सवै

3. नाउरको शिकार खेल्न पाइने संरक्षित क्षेत्र कुन हो ?
A) ढोरपाटन B) लाङटाङ C) कंचनजंघा D) अपिनाम्पा

4. मातेको हात्ती कसरी चिन्न सकिन्छ ?
A) मुखबाट र्‍याल चुहाएमा B) आँखा नजिकबाट माँद चुहाएमा
C) सुँड ठाडो पारेमा D) कान अगाडि पारेमा

5.. गैंडा माने अभियोगमा प्रमाणित भएका कसुरदारलाई कति दण्ड सजाय हुन सक्छ ?
A) ५० हजार देखि १ लाख जरिवाना वा ५ देखि १० बर्ष कैद वा दुबै
B) ५० हजार देखि २ लाख जरिवाना वा ५ देखि १० बर्ष कैद वा दुबै
C) ५० हजार देखि १ लाख जरिवाना वा ५ देखि १५ बर्ष कैद वा दुबै
D) ५० हजार देखि २ लाख जरिवाना वा ५ देखि १० बर्ष कैद वा दुबै

6. डल्फिन (सोस) नेपालमा कहां पाइन्छ ?
A) कर्णाली नदीमा B) नारायणी नदीमा C) कोशी नदीमा D) माथिका सवै

7. बाघको आक्रमणबाट बच्न के गर्नुपर्छ ?
A) बाघको बच्चा बस्ने ठाउं नजिक नजाने
B) बाघलाई देखेमा अनुहार बाघतर्फ पार्दै विस्तारै पछि सर्ने
C) १२ फिट भन्दा अग्लो रुखमा चढ्ने
D) माथिका सवै उपाय गर्ने

8. डियर (मृग प्रजाती) मा तलका कुन प्रजाती पर्दैन ?
A) जरायो B) रतुवा C) लगुना D) चौसिंगा

9. मध्यवर्ती क्षेत्रमा सम्वन्धित निकुञ्ज आरक्षले कमाएको राजश्वको कति प्रतिशत राजश्व फिर्ता दिने प्रावधान छ ?
A) २०-३०% B) ३०-५०% C) ४०-५०% D) ४०-६०%

10. वन्यजन्तुको हितको लागि गरिने वासस्थान व्यवस्थापनमा के पर्दैन ?
A) विदेशमा पाइने विरुवाहरु रोप्ने
B) नेपालमा पाइने विरुवाहरु रोप्ने
C) घांसे मैदान मा नियन्त्रित आगलागी
D) घाँसे मैदानमा वढी भएका विभिन्न प्रजातीका रुखहरु हटाउने

लोक सेवा आयोग

**लोक सेवा आयोग**
**नेपाल वन सेवा, नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, सिनियर गेमस्काउट पदको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम**

## द्वितीय चरण :– शारीरिक तन्दुरुस्ती परीक्षणको योजना

**रोल नंम्बरः-**

**उम्मेदवारको नाम, थरः-**

### १. शारीरिक परीक्षण

| सि.नं. | बिबरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १ | उचाइ | ५ फिट २ इन्च (५' २") | ४ फिट १० इन्च (४' १०") |
| २ | छाती | ३२-३४ इन्च (३२"– ३४") | × – × |
| ३ | वजन | ५० के.जी. | ४५ के.जी. |

### २. बाधापार /तन्दुरुस्ती परीक्षा

| सि.नं. | परीक्षण | सि.नं. | परीक्षण |
|---|---|---|---|
| १ | रुख चड्ने | ३ | २०० मि.दौड |
| २ | पौडि | ४ | ३००० मि. दौड |

### ३. बाधापार/तन्दुरुस्ती परीक्षाको मूल्यांकन विधिः-

#### १. रुख चड्ने

| पुरुष | | महिला | |
|---|---|---|---|
| बिबरण | अंक | बिबरण | अंक |
| ७ मि.सम्म रुख चड्ने | सफल | ५ मि.सम्म रुख चड्ने | सफल |
| ७ मि.सम्म रुख चड्न नसक्ने | असफल | ५ मि.सम्म रुख चड्न नसक्ने | असफल |

#### २. पौडि खेल्ने (नदी /नाला, ताल)

| पुरुष | | महिला | |
|---|---|---|---|
| बिबरण | अंक | बिबरण | अंक |
| ४.५ मि.सम्म दुरि पौडि खेलि तर्ने | सफल | ३.५ मि.सम्म दुरि पौडि खेलि तर्ने | सफल |
| ४.५ मि.सम्म पौडि खेल्न नसक्ने | असफल | ३.५ मि.सम्म पौडि खेल्न नसक्ने | असफल |

#### ३. २०० मि. दौड

| पुरुष | | महिला | |
|---|---|---|---|
| बिबरण | अंक | बिबरण | अंक |
| ३४ सेकेन्ड सम्म | सफल | ३९ सेकेन्ड सम्म | सफल |
| ३४ सेकेन्ड भन्दा बढी | असफल | ३९ सेकेन्ड भन्दा बढी | असफल |

#### ४. ३००० मि. दौड

| पुरुष | | महिला | |
|---|---|---|---|
| बिबरण | अंक | बिबरण | अंक |
| १४ मिनेट सम्म | सफल | १६ मिनेट सम्म | सफल |
| १४ मिनेट भन्दा बढी | असफल | १६ मिनेट भन्दा बढी | असफल |

लोक सेवा आयोग